# भूमे साप्ताहिक गतिविधि

वर्ष २ अङ्क ११ २०७७ पौष ७ मंगलबार



सम्पादकीयः

## यूवामा सकारात्मक चिन्तन

मानवीय जीवनको सबैभन्दा ऊर्जाशील समय युवावस्था भएकाले यो अवस्थामा जोश, जाँगर, सामर्थ्य, योग्यता, अवसर, इच्छाशक्ति सबै एकत्रित हुने भएकाले पनि असम्भव भन्ने केही लाग्दैन। यूवावस्थामा मानिस शारीरिक, मानसिक, संवेगात्मक हरेक किसिमले तुलनात्मक रुपमा बढी सक्षम हुन्छ। यसर्थ पनि युवा परिवर्तन र समृद्धिका संवाहक हुन्। यो अवसरलाई सदुपयोग गर्न सकेको खण्डमा जीवन र भविष्य उज्वल हुन सक्छ भने दुरुपयोग गरेको खण्डमा जीवन दुःखदायी हुनसक्छ।

राज्य सञ्चालक र यूवा सोंचबीचमा पर्याप्त तालमेलको अभावमा यतिबेला यूवालाई परिवर्तन र विकासको संवाहकको रुपमा परिचालन भन्दा पनि नकारात्मक चिन्तनका हुलाकी र वकालती बनाएको गुनासो आउन थालेको छ । यसको मतलब यूवाहरुमा सकारात्मक चिन्तन भन्दा नकारात्मक चिन्तन बढी भयो । केही घटना र उदाहरण हेर्दा यसमा केही हदसम्म सहमत हुन सकिन्छ। सकारात्मक चिन्तन र सोंचले व्यक्तिको जीवन मात्र नभएर समग्र देश र विश्व समुदायको नै हित प्रवर्द्धन गर्दछ ।

जीवनमा नकारात्मक कुरा घटाउन नसके पनि सकारात्मक कुरालाई बढाउन सकिन्छ। गलत विचारको निरन्तरताबाट गलत निर्णय भई गलत कार्य हुन सक्छ । गलत कार्यको निरन्तरता हुन थाल्यो भने त्यो विस्तारै आदतको रुपमा विकास भएर नकारात्मक प्रभाव पार्न थालेमा राज्यकै लागि ठूलो क्षति र व्यवस्थापन चुनौति थपिन्छ । मानिसको सबैभन्दा ठूलो गहना असल आचरण र बानी व्यहोरा भएकाले बच्चादेखि नै सकारात्मक सोंच र असल आचरण विकासमा हरेक अभिभावकले ध्यान पुऱ्याउने वातावरण निर्माण गर्न आवश्यक छ। यूवाहरुमा विकास भएको नकारात्मक विचारलाई खास कार्यक्रम केन्द्रित गरी उनीहरुलाई अधिकतम रोजगार र स्वरोजगार र उद्यमशीलतामा जोड्नुका साथै सकारात्मक सोंच विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने, डिप्रेसनमा परेका यूवाको सूचीकरण गरी समयमै परामर्श गर्न जरुरी देखिन्छ।

प्रकाशकः

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# शैक्षिक गुणस्तर सुधारका लागि अन्तरक्रिया कार्यक्रम

*२ पौष २०७७, खाबाङबगर ।*

कोभिड-१९ का कारण लामो समयसम्म प्रभावित विद्यालय क्षेत्र पहिलेकै अवस्थामा फर्कने प्रयास गरेसँगै भूमे गाउँपालिकाले शैक्षित गुणस्तर सुधारसम्बन्धी सोंच तथा प्रतिवद्धतापत्र माथि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




मिति २०७६ फागुन ८ गते बसेको गाउँपालिकास्तरीय प्रधानाध्यापक बैठकबाट गाउँपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न सोंचपत्र र कार्ययोजना तयार गरी नयाँ शैक्षिक सत्रबाट कार्यान्वयन गर्ने योजना रहेको भएता पनि विश्वभर महामारीको रुपमा फैलिएको कोभिड १९ (कोरोना भाइरस) का कारण जनजीवन अस्तव्यस्त भएपछि त्यसको सबैभन्दा बढी प्रभाव शैक्षिक क्षेत्रमा परेपछि उक्त बैठकको निर्णयले सार्थकता पाउन निकै समय लागेको थियो । मिति २०७७ मङ्सिर २५ गते बसेको प्रधानाध्यापक बैठकले सामुदायिक विद्यालयहरुको पठनपाठन औपचारिक रुपमा प्रत्यक्ष रुपमा नियमित सञ्चालन गर्ने र पुस १६ देखि अर्धवार्षिक परीक्षा सञ्चालन गर्ने निर्णय भएसँगै शैक्षिक सुधार कार्ययोजना छलफलले पनि प्रवेश पाएको शाखा प्रमुख कौशल कुमार तिवारीले जानकारी दिनुभयो ।



गाउँपालिकाको शैक्षिक गुणस्तर सुधार सम्बन्धी ७६ बुँदे सोँच तथा प्रतिवद्धतापत्रमा विद्यालयको बाह्य प्राकृतिक सुन्दरता, कक्षाको प्रभावकारी व्यवस्थापन, नियमित शिक्षण तथा अन्तरक्रिया, अतिरिक्त क्रियाकलाप, दरबन्दी बमोजिमका शिक्षक मिलान तथा स्वयंसेवक शिक्षक व्यवस्थापन, प्राथमिक उपचारको व्यवस्था, शिक्षक, विद्यार्थी र अभिभावको जिम्मेवारी किटान, पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य

शैक्षिक सामाग्रीहरुको प्रभावकारी कार्यान्वयन, अतिरिक्त कक्षा, अतिरिक्त क्रियाकलाप, भौतिक पूर्वाधार व्यवस्थापन गर्ने, शैक्षिक सुधार कार्ययोजना २०७७ तर्जुमा गरी कार्यान्वयन गर्ने जस्ता समग्र शैक्षिक तथा मनोवैज्ञानिक शैक्षिक व्यवस्थापनमा जोड दिइएको छ।

भूमे गाउँपालिका सामाजिक विकाससमितिका संयोजक टेकप्रसाद बुढाको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा गाउँपालिका अध्यक्ष रामसुर बुढा मगरको प्रमुख आतिथ्यता, प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठको विशेष आतिथ्यता, वडाअध्यक्षहरु, शिक्षा, युवा तथा खेलकूद शाखाका शाखाप्रमुख कौशल कुमार तिवारी, गाउँपालिकाका सबै विद्यालयका विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रधानाध्यापक र अन्य सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य शिक्षा, युवा तथा खेलकूद शाखाका प्राविधिक सहायक टेक बहादुर बुढाथोकीले गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन गाउँपालिकाका कर्मचारी चन्द्र बहादुर सुनारले गर्नुभएको थियो ।

## मासिक समीक्षा तथा स्टाफ मिटिङ सम्पन्न

*६ पौष २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुको नियमित मासिक समीक्षा तथा स्टाफ मिटिङ सम्पन्न भएको छ ।

बैठकले मङ्सिर महिनामा कार्यालयका शाखा/एकाई र अन्तर्गतका कार्यालयहरुबाट सम्पादन भएका कार्यहरु, वार्षिक कार्यक्रम कार्यान्वयन, सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा प्रगति समीक्षा, आइपरेका समस्या र समाधानका उपायमाथि छलफल गरेको छ । बैठकबाट सार्वजनिक सेवा प्रवाहलाई थप छिटो, छरितो, प्रभावकारी र गुनासोरहित ढङ्गले प्रवाह गर्न सबै कर्मचारी प्रतिवद्ध रहने, सेवा प्रवाहका सम्बन्धमा सेवा प्रवाह सन्तुष्टि सर्भे एप प्रयोग गरी सोबाट आएको प्रतिवेदनमाथि मासिक छलफल गर्ने, सबै कर्मचारी तथा संस्थाले महिनामा कम्तिमा नयाँ कार्यको थालनी गरी निरन्तरता दिई सोको प्रतिवेदन गर्ने समेत निर्णय गरेको छ।

प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठको अध्यक्षतामा सम्पन्न नियमित मासिक समीक्षा तथा स्टाफ मिटिङमा कार्यालयका शाखा प्रमुखहरु र वडा कार्यालयका वडा सचिव तथा स्वास्थ्य संस्थाका संयोजकहरुको उपस्थिति रहेको थियो ।



## शिक्षा, यूवा तथा खेलकूद शाखाको वार्षिक कार्यक्रम प्रस्तुतिकरण तथा अभिमुखीकरण

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकूद शाखाले वार्षिक स्वीकृत कार्यक्रम र कार्यान्वयन योजना सम्बन्धमा गाउँपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक तथा प्रतिनिधिहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ ।



कार्यक्रममा चालू आर्थिक वर्षमा शिक्षा, युवा तथा खेलकूद शाखाबाट कार्यान्वयन हुने गाउँपालिकाको आन्तरिक तथा वित्तीय समानीकरण बजेटबाट विनियोजित, संघ सरकार र प्रदेश सरकारबाट सशर्त अनुदानमा हस्तान्तरित कार्यक्रम, विशेष अनुदानतर्फका कार्यक्रमको क्रियाकलापगत प्रस्तुति तथा छलफल गरिएको थियो । गाउँपालिका अध्यक्ष श्री रामसुर बुढा मगरज्यूको अध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख कौशल कुमार तिवारी, सबै विद्यालयहरुका प्रधानाध्यापक तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको सहजीकरण प्राविधिक सहायक टेक बहादुर बुढाथोकीले गर्नुभएको थियो ।

## भूमेमा रुकुमेली समाज विकास केन्द्रको वार्षिक प्रगति समीक्षा तथा सामाजिक परीक्षण

*५ पुस २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिकामा आइतबार रुकुमेली समाज विकास केन्द्र रुकुमको वार्षिक प्रगति समीक्षा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ। गाउँ कार्यपालिकाको कार्यालय खाबाङबगरमा रुकुमेली समाज विकास केन्द्र रुकुमले सन् २०२० अन्तर्गतको गरेका कार्यक्रमहरूको वार्षिक प्रगति समीक्षा तथा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न गरेको हो।

रुकुमेली समाज विकास केन्द्र, रुकुमले भूमे गाउँपालिकामा वडा नम्बर १, २ र ३ मा आफ्नो कार्यक्रम लागू गरी बालबालिका, कृषि, स्वास्थ्य, सिंचाइ, युवा, आमा समूह, सहकारी संस्था लगायतको क्षेत्रमा काम गरिरहेको छ । जस अनुसार आतबार सन् २०२० मा भएका योजनाको वार्षिक प्रगति समीक्षा तथा सामाजिक परीक्षण कार्यक्रममा आगामी दिनमा अझै प्रभावकारी रूपमा, लगानी अनुसारको प्रतिफल आउने खालका योजनाको लागि सल्लाह एवं सुझाव सहभागीबाट लिइएको रुकुमेली समाज विकास केन्द्र रुकुम अन्तर्गतको खाद्य सुरक्षा तथा वातावरणमैत्री उद्यम प्रवर्द्धन परियोजनाका

कार्यक्रम संयोजक उत्तम अर्यालले बताउनुभयो। उक्त कार्यक्रममा सहभागी स्थानीयसँग गरिएका कामको बारेमा समीक्षासँगै आगामी वर्षहरूमा गर्नुपर्ने कामको बारेमा अन्तर्क्रियामार्फत् छलफल गरिएको थियो। कार्यक्रममा सहभागीहरुले केन्द्रद्वारा सञ्चालित विभिन्न कार्यक्रमले आत्मनिर्भरता बढाउन सहयोग गरेको प्रतिक्रिया दिएका थिए ।

रुकुमेली समाज विकास केन्द्र रुकुमका अध्यक्ष नरबहादुर नेपालीको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष रामसुर बुढा मगरको प्रमुख आतिथ्यता रहेको थियो भने कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रसिंह श्रेष्ठ, वडा नं. १ का वडाध्यक्ष रामचन्द्र पुन, वडा नं. २ का वडाध्यक्ष नरबहादुर बुढा, वडा नं. ३ का वडाध्यक्ष दिलमान रोका लगायतको आतिथ्यता रहेको थियो ।




कार्यक्रममा स्वागत मन्तव्य संस्थाका स्वच्छता कार्यक्रमका अधिकृत संगम देवकोटाले राखु भएको थियो भने वार्षिक प्रगति सम्बन्धी प्रस्तुतिकरण खाद्य सुरक्षा तथा वातावरणमैत्री उद्यम प्रवर्द्धन परियोजनाका संयोजक उत्तम अर्यालले गर्नुभएको थियो । सामाजिक परीक्षण कार्यक्रमको सहजीकरण पत्रकार जयमान बुढा मगरले र कार्यक्रम सञ्चालन संस्थाका फिल्ड सुपरभाइजर रन्जना वि.क.ले गर्नुभएको थियो ।

भूमे गाउँपालिकाका अध्यक्ष रामसुर बुढा मगरले गाउँपालिकासँगको सहकार्यमार्फत् आयआर्जन, सचेतना, क्षमता अभिवृद्धि लगायतका क्षेत्रमा स्थानीयलाई सक्षम बनाएर जीविकोपार्जनमा सहयोग गरेकाले रुकुमेली समाज विकास केन्द्र रुकुमको कार्यक्रमको निरन्तरता र सफलताको कामना गर्नुभयो। सबै संघसंस्था र निकायसँग सभ्य समाज निर्माणको अभियानमा हातेमालो गर्न तयार रहेको कुरा अध्यक्ष बुढाले बताउनुभयो।

(स्रोतः https://radiopurbirukum.com.np)

## महत टोल विकास संस्थाको बैठक सम्पन्न

भूमे गाउँपालिका रुकुम (पूर्व)को आर्थिक सहयोग र रुकुमेली समाज विकास केन्द्र रुकुमको प्राविधिक सहयोगमा भूमे गाउँपालिकाको वडा नं. ४, ५, ६, ७, ८ र ९ मा सञ्चालित खानेपानी, सरसफाइ तथा स्वच्छता रणनीतिक कार्ययोजना कार्यान्वयन सघन कार्यक्रम अन्तर्गत भूमे गाउँपालिका वडा नं. ६ महतमा वडास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठक सम्पन्न भएको छ । महत टोल विकास संस्थाका अध्यक्ष गुमधन बुढाको अध्यक्षतामा भएको बैठकमा वडा स्तरीय सरसफाइ समन्वय समितिका संयोजक तथा वडा नं. ६ का वडाध्यक्ष देव बहादुर बुढाको प्रमुख आथित्यता रहेको थियो । बैठकले आगामी फागुन महिनाको अन्तिम हप्तासम्म वडा नं. ६ लाई पूर्ण सरसफाइ सुधारउन्मुख वडा



घोषणा गर्ने निर्णय गरेको छ। उक्त बैठकको सहजीकरण रुकुमेली समाज विकास केन्द्र रुकुमका खानेपानी तथा सरसफाइ कार्यन्वयन कार्यक्रमका वास अधिकृत संगम देवकोटाले गर्नुभएको थियो ।

(तस्बिरः संगम देवकोटा)



## पशु सेवा केन्द्रद्वारा पशु बन्ध्याकरण र खनिज ढिक्का बनाउने तालिम सम्पन्न

*२९ मंसिर २०७७, खाबाङबगर ।*

भूमे गाउँपालिकाको पशु सेवा केन्द्रले स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत कृषकहरुलाई पशु बन्धाकरण र खनिज ढिक्का बनाउने सीप सम्बन्धी तालिम प्रदान गरेको छ ।

भूमे गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत २५ भन्दा बढी भेडाबाखा पालन गर्ने कृषकहरुलाई पशु बन्ध्याकरणका लागि आत्मनिर्भर बनाउन एक दिने तालिम प्रदान गर्ने र कृषकहरुले पशु चौपायाको खानामा पोषक तत्व आपूर्ति सुनिश्चित गरी व्यवसायिक पशुपालनमा सहयोग गर्न आफै कृत्रिम खनिज ढिक्का बनाउन सक्ने गरी एक दिने तालिम प्रदान गरिएको छ। यसबाट कृषकहरु आत्मनिर्भर भई तत्काल समस्या समाधान र खनिजका लागि थप खर्चमा कमी भई उत्पादन लागत घट्ने र उत्पादकत्व वृद्धि हुनाले व्यवासिकतामा टेवा पुग्ने विश्वास गाउँपालिकाले लिएको कुरा सेवा केन्द्रका नायब पशु स्वास्थ्य प्राविधिक भूपेन्द्र शाहीले बताउनु भयो ।




दुई दिनसम्म चलेको तालिममा वडा नं. १ बाट ५ जना, वडा नं. ३ बाट ६ जना, वडा नं. ४ बाट २ जना, वडा नं. ६ बाट ३ जना, वडा नं. ७ बाट १ जना वडा नं. ८ बाट २ जना र वडा नं. ९ बाट २ जना गरी कूल २१ जना कृषकहरुले दुई दिने तालिमबाट लाभान्वित भएका छन् । तालिमको सहजीकरण नायब पशु सेवा प्राविधिक भूपाल वली र नायब पशु स्वास्थ्य प्राविधिक भूपेन्द्र शाहीले गर्नुभएको थियो ।

# २०७७ साल पुस महिनामा सम्पादित कार्यहरुको सम्बन्धमा मासिक समीक्षा बैठकमा पेश प्रतिवेदन

| वडा नं. | वार्षिक लक्ष्य र प्रगति | वडाको काम | पुस महिनामा गर्नुपर्ने काम | समस्या | समाधान प्रयास |
|---|---|---|---|---|---|
| १ | योजना संख्याः ३१, सम्झौता संख्याः सबै, सम्पन्न संख्याः ५ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट १३७६० आम्दानी | लक्षित कार्यक्रम कार्यान्वयन गर्ने | चिसो | हिटर र थर्मस |
| २ | योजना संख्याः ३८, सम्झौता संख्याः खरिद बाँकी | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट ३३१४१ आम्दानी | लक्षित कार्यक्रम कार्यान्वयन | कम्प्युटर राम्रो काम नगर्ने | |
| ३ | योजना संख्याः ३१, सम्झौता संख्याः २८, सम्पन्न संख्याः २ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट १८६१४ आम्दानी मा दाखिला सबै | मालपोत अभियान, लक्षित कार्यक्रम माघ | इन्टरनेट नचलेको १० दिन मात्र चलेको | पालिकाबाट फारम भरी पठाइएको |
| ४ | योजना संख्याः२१+३, सम्झौता संख्याः १८, सम्पन्न संख्याः ५ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट २०३६४ आम्दानी सबै दाखिला मेलमिलाप १ | मालपोत संकलन अभियान र वडाका कार्यक्रम कार्यान्वयन | इन्टरनेट | अहिले चलेको |
| ५ | योजना संख्याः १६, सम्झौता संख्याः १३, सम्पन्न संख्याः ६ भुक्तानी ३ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट ३१०७५ आम्दानी मेलमेलाप २ , डालिबाडमा ५५ घर केन्द्रीय लाइन | योजना अनुगमन, योजना कार्यान्वयन, मालपोत संकलन अभियान | | इन्टरनेट समस्या समाधान |
| ६ | योजना संख्याः २४+१, सम्झौता संख्याः १९, सम्पन्न संख्याः ३ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट १६२५७ आम्दानी | लक्षित कार्यक्रम सम्पन्न गर्ने | थर्मस, हिटरको समस्या | व्यवस्था गर्ने |
| ७ | | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट ........... आम्दानी | | अनुपस्थित | |
| ८ | योजना संख्याः ४६, सम्झौता संख्याः ४२, सम्पन्न संख्याः १५ भुक्तानी ८ | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट २४५०२ आम्दानी | मालपोत संकलन | कम्प्युटरको किबोर्डले काम नगर्ने | |
| ९ | | प्रमाणित, सिफारिश सम्बन्धी सेवाबाट ........... आम्दानी | | | |

| शाखा/एकाइ | वार्षिक लक्ष्य र प्रगति | वडाको काम | पुस महिनामा गर्नुपर्ने काम |
|---|---|---|---|
| स्वास्थ्य | | अनुपस्थित | |
| शिक्षा | प्रअ बैठकबाट विद्यालय सञ्चालन र अर्धवार्षिक परीक्षा सञ्चालन, प्रअ अभिमुखीकरण, | शैक्षिक सुधार सम्बन्धित अन्तरक्रिया सम्पन्न, स्वयंसेवक शिक्षकको पदपूर्ति प्रक्रियामा | विशेष अनुदानका कार्यक्रम कार्यान्वयन गर्ने |

<table>
<tr><td>कृषि</td><td>वार्षिक कार्यक्रमको करिब ५०%</td><td>मागमा आधारित साना सिंचाई ३ मध्ये १ सम्पन्न, कृषि फार्म व्यवस्थापन भैरहेको,</td><td>संघ र प्रदेशका कार्यक्रम कार्यान्वयनका लागि सूचना प्रकाशन</td></tr>
<tr><td>पशु सेवा</td><td>हिउँदे घाँस खरिद वितरण (१०% प्रगति)</td><td>७१७ पशुसेवा उपचार राजस्व ४३०५।-</td><td>सशर्त अनुदानतर्फका कार्यक्रम कार्यान्वयन</td></tr>
<tr><td>सामाजिक सुरक्षा</td><td colspan="2">लगत कट्टा १९ र नयाँ इन्ट्री २९ सम्पन्न फिल्ड सहायकलाई तालिम प्रदान</td><td>कम्तिमा एउटा वडामा घटना दर्ता कार्य र सामाजिक सुरक्षा भत्तामा रभिर्स र फर्वार्ड फिड कार्यान्वयन</td></tr>
<tr><td>MSNP</td><td>कार्यक्रम नभएको</td><td></td><td></td></tr>
<tr><td>Telecenter महत</td><td colspan="2">फोटोकपीबाट १४५० आम्दानी</td><td></td></tr>
<tr><td>जिन्सी</td><td>सबै खरिदहरु PAMS बाट</td><td colspan="2">स्यानिटरी प्याड, फिल्टर, औषधी मेसिन, कृषिको कार्यक्रमको खरिद प्रक्रिया अगाडि बढाउने</td></tr>
<tr><td>आलेप</td><td>अनुपस्थित</td><td></td><td></td></tr>
<tr><td>सूचना तथा अभिलेख केन्द्र</td><td colspan="2">कृषक पहिचान फारम, सेवा प्रवाह र फुसको छाना हटाउने कार्यक्रमको एप्स तयार</td><td></td></tr>
<tr><td>प्रशासन</td><td colspan="2">लघुउद्यम, कृषि, पशुसेवा, स्वास्थ्य, स्वयंसेवकको लिप सम्पन्न, चौ. प्रगति प्रकाशनको चरणमा, १०२ दर्ता ३१५ चलानी</td><td>फाइलिङ स्ट्याण्डर्ड तयार गर्ने</td></tr>
<tr><td>योजना अनुगमन</td><td colspan="2">सम्झौताः ११८, भुक्तानीः १६ सिफारिश</td><td>अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउने</td></tr>
<tr><td>आर्थिक प्रशासन</td><td colspan="2">आम्दानीः २४.१४% खर्चः १२.९९% (चालुः १७.६८ र पूँजीगत ६.११ प्रतिशत)</td><td>वित्तीय प्रतिवेदन र लेप तयारी वार्षिक प्रतिवेदन (सुत्र)</td></tr>
<tr><td>पूर्वाधार</td><td colspan="2">९ वटा वडाको ९५% लइ १५ भुक्तानी, वडा र हाइड्रोको डिपिआर सूचना, संघ समपूरक योजनाको मूल्याङ्कन<table><tr><th>सर्वे</th><th>लागत अनुमान</th><th>सम्झौता</th><th>कार्यान्वयन प्रगति</th><th>मूल्याङ्कन</th></tr><tr><td>135.89%</td><td>69.16%</td><td>60.65%</td><td>5.56%</td><td>4.96%</td></tr></table></td><td>बाँकी डिपिआर र ५ वटा रोडको टेण्डर</td></tr>
<tr><td>राजस्व</td><td>अनुपस्थित</td><td></td><td></td></tr>
<tr><td>म. बालबालिका</td><td>अनुपस्थित</td><td></td><td></td></tr>
<tr><td>उद्यम विकास</td><td>अनुपस्थित</td><td></td><td></td></tr>
<tr><td>रोजगार सेवा केन्द्र</td><td colspan="2">८ वटा वडामा अभिमुखीकरण सम्पन्न, युवारुप १२ मध्ये ७ सम्झौता, कामका लागि पारिश्रमिक १३ मा २ सम्झौता सम्पन्न</td><td>सम्झौता हुन बाँकी योजना कार्यान्वयन</td></tr>
</table>

## अपाङ्गता हुनु पूर्वजन्मको कर्मको फल वा भाग्यको दोष केही पनि होइन।
## साङ्ग व्यक्ति जो कोही पनि अपाङ्ग हुन सक्छ।

# अपाङ्गता हुनुका केही कारणहरु :

| शिशु जन्मने क्रममा हुने कारणहरु | शिशु जन्मेपछिका कारणहरु | शिशु जन्मनुअघिका कारणहरु |
|---|---|---|
| • बच्चा जन्मने क्रममा सङ्क्रमण हुनु<br>• लामो व्यथा लाग्ने एवं पिडादायक हुनु<br>• बच्चा जन्मने क्रममा चोटपटक लाग्नु<br>• सुत्केरी व्यथा छोटो पार्न सुईको बढी प्रयोग गर्नु<br>• औजारहरुको प्रयोगबाट शिशु जन्मनु<br>• फोहर ठाँउमा प्रसव गर्नु गराउनु | • समय नपुगिकन बच्चा जन्माउनु<br>• बच्चा जन्मेको २ मिनेटभित्र सास नफेर्नु<br>• कुपोषण हुनु,<br>• धेरै समयसम्म स्तनपान गर्न नपाउनु<br>• समयमै खोप नलगाउनु<br>• दूर्घटना हुनु (जस्तै पोलाइ, सडक दूर्घटना आदि)<br>• जथाभावी औषधीको सेवन गर्नु<br>• शल्य चिकित्साको गलत प्रयोग गर्नु<br>• युद्ध/दूर्घटनाको प्रभाव<br>• वंशाणुगत एवं जन्मजात कारणहरु | • गर्भवती आमाले पोषणयुक्त खाना खान नपाउनु<br>• गर्भवती आमाले जथाभाभी औषधीको सेवन गर्नु<br>• गर्भवती आमालाई चोटपटक लाग्नु<br>• गर्भवती आमालाई दादुरा लाग्नु<br>• १८ वर्षमूनि र ३५ वर्षमाथि पहिलो पटक गर्भवती हुनु<br>• गर्भवती आमाले बढी मात्रामा एक्सरे गर्नु<br>• विषाक्त खाने कुराहरु सेवन गर्नु<br>• जन्मजात तथा वंशाणुगत कारणहरु |

*त्यसैले, हामीले दैनिक बोलचालमा प्रयोग गर्ने शब्दले कसैको मन दुखेको त छैन !*

## सम्बोधन गर्दा प्रयोग गर्नुपर्ने मर्यादित/सही शब्दावलीका उदाहरण

| क्र.स. | गलत (अमर्यादित शब्द) | | क्र.स. | सही (मर्यादित)शब्द | |
|---|---|---|---|---|---|
| १ | लुलो, कुँजो, खोरेन्डो, बामपुड्के, डुँडो, बाउन्नवीर, खुडें | × | १ | शारीरिक अपाङ्गता भएको व्यक्ति | √ |
| २ | कानो र अन्धो | × | २ | दृष्टिविहिन, न्यून दृष्टियुक्त | √ |
| ३ | बहिरो र बक्क लाटो | × | ३ | बहिरा व्यक्ति, सुस्त श्रवण | √ |
| ४ | लठेब्रो, गोज्याङ्ग्रो र सुस्त मनस्थिति | × | ४ | बौद्धिक अपाङ्गता भएका व्यक्ति | √ |
| ५ | भकभके / हकला | × | ५ | स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्ति | √ |
| ६ | पागल, बौलाहा | × | ६ | मनोसामाजिक अपाङ्गता भएका व्यक्ति | √ |
| ७ | लाटो अन्धो | × | ७ | श्रवण-दृष्टिविहिन | √ |
| ८ | बुढा/बुढी | × | ८ | जेष्ठ नागरिक | √ |
| ९ | बिधवा | × | ९ | एकल महिला | √ |

भूमे गाउँपालिका

उँ कार्यपालिकाको कार्यालय

खाबाङबगर, रुकुम (पूर्व)

लुम्बिनी प्रदेश, नेपाल